आज मिति २०७८ साल कार्तिक २३ गते मंगलवारका दिन यस नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | अनुपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | अनुपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१ : अघिल्लो बैठकको समीक्षा सम्बन्धमा प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.२ : आलुको बिउ खरिद गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३ : वार्षिक प्रगति समीक्षाको प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.४ : सामुदायिक विद्यालयका विद्यार्थीहरुमा स्वास्थ्य परीक्षण सम्बन्धमा ।
प्रस्ताव नं.५ : व्यवसाय कर छुट सम्बन्धमा ।
प्रस्ताव नं.६ : प्रथम व्यास कप 11 A Side फूटवल प्रतियोगिता सम्बन्धमा ।
प्रस्ताव नं.७ : दाह संस्कार सम्बन्धमा ।
प्रस्ताव नं.८ : शिक्षक सरुवा सहमती सम्बन्धमा ।
प्रस्ताव नं.९ : घरभाडामा लिन सम्बन्धमा ।
प्रस्ताव नं.१० : वीउ-विजन वितरणमा ५०% अनुदान दिने सम्बन्धमा ।
प्रस्ताव नं.११ : सार्वजनिक बिदा दिने सम्बन्धमा ।
प्रस्ताव नं.१२ : जलश्रोत समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.१३ : कृषि व्यवसायका लागि जग्गा रजिष्ट्रेशन छुट सम्बन्धमा ।
प्रस्ताव नं.१४ : विनियोजित रकम शिर्षक मिलान सम्बन्धमा ।
प्रस्ताव नं.१५ : कोभिड व्यवस्थापनका लागि रकमान्तर बारे ।
प्रस्ताव नं.१६ : ढुङ्गाखानी अध्ययन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.१७ : विज्ञापन कर संकलन सम्बन्धमा ।
प्रस्ताव नं.१८ : खाजा खाना खर्च उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.१९ : तनहुँ जल विद्युत आयोजनालाई नदी जन्य पदार्थ उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.२० : महोत्सव गर्न अनुमति माग सम्बन्धमा ।
प्रस्ताव नं.२१ : वडा नं.८ को वडा कार्यालय भवनका लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.२२ : आँखा शिविर प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.२३ : समता विद्यालय जाने बाटोमा रकम रकमान्तर सम्बन्धमा ।
प्रस्ताव नं.२४ : शुन्य पोलिथिन कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.२५ : ठेक्का सम्झौता सम्बन्धमा
प्रस्ताव नं.२६ : विभिन्न योजनामा रकम विनियोजन गर्ने सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१ :** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७८/७/७ गते भएको बैठकको निर्णयहरुको समिक्षा गरियो र कार्यान्वयन हुन बाँकी विषयहरु कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२ :** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा कृषकहरुको माग अनुसार आलुको बीउ तत्काल खरिद गर्न शिर्षक नं.१८८ बाट रू.३,००,०००। (तीन लाख) र शीर्षक नं.१९२ बाट रू.२,००,०००। (दुई लाख) समेत जम्मा रु.५,००,०००। (पाँच लाख) मा रकमान्तर गरी ५०% अनुदानमा कृषकहरुलाई उपलव्ध गराउन सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३ :** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको २०७८।७।१४ गते सम्पन्न नगर स्तरीय वार्षिक प्रगति समीक्षाको प्रतिवेदन पारित गर्दै उक्त प्रतिवेदनले औल्याएका समस्याहरुलाई आगामी दिनमा सुधार गर्दै लैजाने निर्णय गरियो ।

**निर्णय नं.४ :** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका विद्यार्थीहरुको स्वास्थ्य परीक्षण गर्न आवश्यक व्यवस्थाका लागि स्वास्थ्य तथा जनसंख्या शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५ :** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत विगत ३ बर्षको व्यवसाय कर उठाउन बाँकी देखिएकोले २०७८ पौष मसान्तभित्र व्यवसाय कर बुझाउने व्यवसायीहरुको आ.व.२०७६/०७७ को व्यवसाय कर छुट दिने निर्णय गरियो ।

**निर्णय नं.६ :** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा जिल्ला स्तरीय अन्तरपालिका प्रथम व्यास कप 11 A Side फूटवल प्रतियोगिता गर्ने गरी आवश्यक प्रबन्ध गर्न नगर खेलकूद समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७ :** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा क्रिश्चियन धर्मावलम्वीहरुको अन्तिम दाह संस्कारको व्यवस्थापनका लागि सम्बन्धित पक्षसँग परामर्श गरी आवश्यक निर्णय लिइने निर्णय गरियो ।

**निर्णय नं.८ :** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिबाट केही दरबन्दी काटिने अवस्था हुँदा व्यास नगरपालिका वडा नं.१० स्थित श्री भानु मा.वि.मा कार्यरत प्रा.वि. तह शीर्षक सोविता पन्त न्यौपानेलाई दरबन्दी सहित देवघाट गाउँपालिका स्थित श्री बज्रयोगिनी मा.वि.मा सरुवा भई जान सहमति दिने निर्णय गरियो ।

**निर्णय नं.९ :** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० बस्ने टिकादेवी सापकोटाका नाउँमा रहेको आर.सि.सी. पक्की घरको २ (दुई) वटा सटर कोठा कोभिड अस्पतालको प्रयोगका लागि २०७८ श्रावण ९ देखि ऐ. माघ ८ गतेसम्मका लागि मासिक रू.५,०००। (पाँच हजार) भाडामा लिने निर्णय गरियो ।

**निर्णय नं.१० :** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको चालु आ.व. को खर्च शीर्षक नं.१८८ को कार्यक्रम धान, मकैको बीउ-विजन वितरण ५०% अनुदान अन्तर्गतका कार्यक्रम सशर्त अन्तर्गतका कार्यकमहरु मार्फत दोहोरिन गएको हुँदा हालको माग तथा अवस्था अनुसार अन्य कार्यक्रम छुट्याउनका लागि विनियोजित रू.२०,००,०००। (बिस लाख) लाई निम्न बमोजिम खर्च शीर्षकमा स्वीकृत गर्ने निर्णय गरियो ।

(१) मकैको बीउ-विजन वितरण ५० प्रतिशत अनुदान ढुवानी सहित ३,००,०००। (तीन लाख)
(२) धानको बीउ-विजन वितरण ५० प्रतिशत अनुदान ढुवानी सहित २,००,०००। (दुई लाख)
(३) तरकारीको बीउ-विजन वितरण ५० प्रतिशत अनुदान १,००,०००। (एक लाख)
(४) आलुको सित भण्डारण खर्च तथा ढुवानी समेत ३,००,०००। (तीन लाख)
(५) आलुको बीउ वितरण ५० प्रतिशत अनुदान ३,००,०००। (तीन लाख)
(६) मौरी गोला, घार तथा उपकरण वितरण ५० प्रतिशत अनुदान ३,५०,०००। (तीन लाख पचास हजार)
(७) फलफुल बिरुवा वितरण ५० प्रतिशत अनुदान ढुवानी सहित ४,५०,०००। (चार लाख पचास हजार)

**निर्णय नं.११ :** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा मिति २०७८/७/२९ गते हिन्दुहरुको महत्वपूर्ण रुपमा रहेको हरिबोधनी एकादशी (तुलसी विवाह) मा दमौली बजारमा मेला लाग्ने हुँदा उक्त दिन नगरपालिकाद्वारा प्रदान गरिने अत्यावश्यक सेवा बाहेक व्यास नगर क्षेत्र भित्रका स्वास्थ्य संस्था, शिक्षण संस्था र वडा कार्यालयमा सार्वजनिक बिदा दिने निर्णय गरियो ।

**निर्णय नं.१२ :** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा जलश्रोत कार्यविधि, २०७८ अनुसार व्यास नगर जलश्रोत समिति र अन्य समितिहरु निम्नानुसार गठन गर्ने निर्णय गरियो ।

**(१) जलस्रोत समिति**

| | |
|---|---|
| (क) अध्यक्ष | -प्रमुख श्री वैकुण्ठ न्यौपाने |
| (ख) सदस्य | -वडाध्यक्ष श्री तुलसीराम सापकोटा, व्यास १० |
| (ग) सदस्य | -वडाध्यक्ष श्री निरबहादुर खड्का, व्यास ११ |
| (घ) सदस्य | -वडाध्यक्ष श्री सुरेश थापा, व्यास ९ |
| (ङ) सदस्य | -वडाध्यक्ष श्री तोत्रबहादुर कुँवर, व्यास १२ |
| (च) सदस्य | -कार्यकारिणी सदस्य श्री कल्पना पोखेल |
| (छ) सदस्य | -कार्यकारिणी सदस्य श्री चन्द्रमाया परियार |
| (ज) सदस्य | -कार्यकारिणी सदस्य श्री नरीमाया राना |
| (झ) सदस्य सचिव | -प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल |

**(२) जाँचबुझ समिति**

| | |
|---|---|
| (क) अध्यक्ष | -वडाध्यक्ष श्री काजीमान श्रेष्ठ, व्यास १४ |
| (ख) सदस्य | -वडाध्यक्ष श्री खरसिं दरै, व्यास १ |
| (ग) सदस्य | -कार्यकारिणी सदस्य श्री मधुमाया वि.क. |

**निर्णय नं.१३** : प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० श्री सृजना भण्डारीबाट सञ्चालन हुदै आएको ए.जि.रिच बहुउद्देश्यीय कृषि फर्म एण्ड रिसर्च सेण्टर प्रा.लि.ले कृषि व्यवसाय एवं पशुपालन व्यवसाय सञ्चालनको लागि व्यास १० बस्ने श्री नवराज सन्यासी र नानुमाया सन्यासीको नाउँको साविक फराकचौर ८/ग कित्ता नं. ३, ४, ७, १०, १७०, १६९ र २६७ क्षेत्रफल ३.३.१.७, १.१५.१.२, १.१२.२.१, १.४.१.०, ३.२.०.०, ६.६.०.२ र ७.८.०.२ रहेको उल्लेखित प्रा.लि.ले रजिष्ट्रेशन गरी लिन लागेकाले नियमानुसार रजिष्ट्रेशन शुल्कमा छुट गरिदिन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४** : प्रस्ताव नं. १४ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७८/०७९ को बजेट शीर्षक नं. ४८५ को रू.४,००,०००। (चार लाख) र शीर्षक नं. ५०५ को रू.५,००,०००। (पाँच लाख) समेत रू.९,००,०००। (नौ लाख) रकम एकीकृत गरी व्यास वडा नं.८ बर्लाची स्थित कालिका सामुदायिक सिकाई केन्द्रको भवन निर्माणका लागि वडाको सिफारिसका आधारमा शीर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५** : प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा शीर्षक नं.१८० को कोभिड-१९ रोकथाम, नियन्त्रण प्रयोगशाला सञ्चालनमा १,२५,००,०००। विनियोजन भएकोमा मेशिन खरिद प्रयोगशाला निर्माणमा पूँजीगत खर्च समेत भई रकम अभाव देखिएकाले उक्त कामका लागि संघीय सरकारबाट प्राप्त हुन पत्राचार भई रकम आउन बाँकी रहेको रू.२५,००,०००। (पच्चीस लाख) प्राप्त भएपछि सोधभर्ना हुने गरी शीर्षक नं.७७८ बाट रू.२५,००,०००। (पच्चीस लाख) शीर्षक नं.१८० मा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६** : प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० खहरेमा सञ्चालित बाराही क्वारिज र वडा नं. १०, ११ मा सञ्चालित अन्य ढुङ्गा खानीहरुको राजश्व संकलन सम्बन्धी अध्ययन गरी आवश्यक सुझाव मार्ग महिनाभित्र पेश गर्न निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (क) | संयोजक | -वडाध्यक्ष श्री निरबहादुर खड्का, वडा नं.११ |
| (ख) | सदस्य | -उपनिर्देशक श्री राजेन्द्र कार्की (प्रमुख, अनुगमन तथा मूल्याङ्कन शाखा) |
| (ग) | सदस्य सचिव | -शाखा अधिकृत श्री विमल गिरी (प्रमुख, राजश्व उपशाखा) |

**निर्णय नं.१७** : प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा विज्ञापन दस्तुर वडागत आधारमा आर्थिक ऐन, अनुसार वडा मार्फत संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८** : प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा हिन्दू धर्मावलम्बीहरुको महान् पर्वका रुपमा रहेको वडा दशै र शुभदीपावली २०७८ को सार्वजनिक बिदामा कार्यालयको नियमित कामकाज तथा पालो पहरामा खटिने नगर प्रहरी, सरसफाई, स्वास्थ्य लगायत अन्य कर्मचारीहरुलाई खाजा तथा खाना खर्च वापत खाइपाई आएका पारिश्रमिकको शुरु तलब स्केललाई आधारमानी कामकाजमा खटिएको दिनको दामासाहीले हुन आउने रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१९** : प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका, ऋषिङ, म्याग्दे गाउँपालिकाको सिमानामा रहेको सेती नदीमा निर्माणाधीन तनहुँ जल विद्युत आयोजनालाई आवश्यक पर्ने नदीजन्य निर्माण सामग्री नियमानुसार दस्तुर लिई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२०** : प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा पाटन युवा क्लबले २०७८।८।२३ गतेदेखि २०७८।९।३ गतेसम्म पाटन साँस्कृतिक एवं पर्यटन महोत्सव सञ्चालन गर्न व्यास ५ स्थित तल्लो पाटन खेलमैदान माग भएकोमा वडाको सिफारिस समेतका आधारमा मानहुँ क्षेत्रको पर्यटन प्रवर्द्धन समेतलाई ध्यान दिई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१** : प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा वडा नं.८ को कार्यालय भवन निर्माणका लागि यस आर्थिक वर्ष रु.३०,००,०००। (तीस लाख) विनियोजन भएकोमा साविक मिर्लुङ गा.वि.स. वडा नं.१ (क) कि.नं.५२०, ५२२ र ऐ.ऐ. कि.नं.५२३ को रिस्ती आयुर्वेद औषधालयका नाउँमा रही व्यास नगरपालिकालाई हस्तान्तरण भई आएको जग्गा समेतबाट आयुर्वेद कार्यालयलाई असर नपर्ने गरी खाली जग्गामा वडा कार्यालय भवन निर्माण प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२२** : प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट मिति २०७८।७।११ देखि १३ गतेसम्म दमौली स्थित बाल मन्दिर मा.वि. मा सञ्चालन भएको आँखा शिविरमा सबै वडाबाट महिला ४५९ र पुरुष ४२५ गरी जम्मा ८८४ बिरामीको उपचार भई ४२ जनाको आँखा अप्रेसन गर्नुपर्ने अवस्थाको प्रतिवेदन प्राप्त भई जानकारी भयो । यस कार्यमा सहयोगी आँखा अस्पताल घारीपाटन पोखरा, बाल मन्दिर माध्यमिक विद्यालय र सम्बन्धित सहयोगी संस्था सबैलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३** : प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७ मा सञ्चालन हुन लागेको समता विद्यालयसम्म नरंगाबाट जाने बाटो पक्की गर्नुपर्ने अवस्था देखिएको र लागत अनुमान रु.३०,४५,२१२।९४ लाग्ने देखिएकोले उक्त बाटोमा शीर्षक नं.८१३ मा रु.१०,००,०००। (दश लाख) विनियोजन भएकोमा नपुग रकम शीर्षक नं.१५१ बाट रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४** : प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको विभिन्न वडाहरुमा शुन्य पोलिथिन कार्यक्रम सञ्चालन हुँदै आएकोमा केही वडाहरु शुन्य पोलिथिन घोषणा सूचीकृत भइसकेको र केहीमा हुन बाँकी रहेको हुँदा घोषणा भएको वडाहरुको कार्यक्रम अनुमोदन गर्ने र नभएका वडाहरुमा क्रमशः घोषणा गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं.२५** : प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ करंकाठमा अवस्थित बसपार्क ठेक्का नलागी व्यास १ बस्ने तीर्थबहादुर थापालाई सम्झौता गरी शुल्क उठाउन ठेक्का दिने भनी यस अघि नै बोर्ड बैठकबाट निर्णय भएकोमा निजले बैंक ग्यारेन्टी नदिई सम्झौता नै गर्न नआएको हुँदा उक्त बसपार्क र व्यास १२ स्थित छाब्दी बस पार्कको शुल्क उठाउने ठेक्का ऋषिङ ५ स्थायी ठेगाना भई हाल व्यास १ निवासी श्री बसन्त गिरीलाई व्यास नगरपालिकाद्वारा निर्धारित न्यूनत्तम रकममा मिति २०७८।८।१ गतेदेखि लागु हुने गरी सो भन्दा अगाडि श्रावणदेखि कार्तिक सम्म ४ महिनाको रकम दामासाहीले हिसाब गरी बाँकी ८ महिनाको रकमले हुने न्यूनत्तम रकम बराबर राखी सम्झौता गरी ठेक्का लगाउने निर्णय गरियो ।

**निर्णय नं.२६** : प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत औजार खरिद | | १,७२,५००। | ७५६ |
| २ | जयनारायण अधिकारी सिंचाईका लागि पाइप खरिद | १० | ६,०००। | ७८९ |
| ३ | दमौली टोल विकास संस्था डस्विन खरिद | १ | १,००,०००। | ७८४ |
| ४ | श्यामकुमार श्रेष्ठ घर संरक्षण पहिरो हटाउने कार्य | १२ | १५,०००। | विपद |
| ५ | कच्ची सडक सफाई | ६ | ९८,७००। | ७९ |
| ६ | आशा विश्वकर्मा र निशा विश्वकर्मा छात्रबृत्ति | १३ | २०,०००। | १५७ |
| ७ | कृष्णमाया बस्नेत कृषि सिंचाई | ११ | ३०,०००। | ७८९ |
| ८ | युवा रेडक्रस सर्कल प्रशिक्षण | १ | १०,०००। | ४२ |
| ९ | मेलमिलाप आमा समूह अधुरो भवन | ६ | १,००,०००। | २०७ |
| १० | आगलागी भई ८० भारी पराल र त्रिपाल राहत | ९ | २०,०००। | प्रकोप |
| ११ | नेपालटार टोल सुकदेव सुवेदीको घरहुँदै जाने बाटो ग्राभेल | ५ | १,८०,०००। | ८६४ |
| १२ | मत्स्यकन्या आधारभूत विद्यालय कम्पाउण्ड | १२ | ५,००,०००। | ७७२ |
| १३ | बजारेडाँडा लिफ्ट खानेपानी सुधार | १२ | ४,९४,८००। | ७९४ |
| १४ | कृष्णबहादुर भण्डारी कुखुराको खोर संरक्षण | १० | २०,०००। | विपद् |
| १५ | टाइगर ल्याण्ड फुटवल | ४ | ३०,०००। | १६५ |

| | | | | |
|---|---|---|---|---|
| १६ | मिर्लुङ खोला खानेपानी योजना पुनर्निर्माण | ८ | ५०,०००। | ७९४ |
| १७ | अमृत आधारभूत विद्यालय | ६ | १,८०,०००। | ७७२ |
| १८ | भोटेखोलामा मोटरेवल पुल निर्माण थप (जग्गा विकास) | ११ | ४,००,०००। | ७८३ |
| १९ | भानुभक्त प्राणी उद्यान कार्यालय जाने बाटो सफाई | १२ | १५,०००। | ८६४ |
| २० | मनकामना टोल जौवारी पिपलथोक मार्ग मर्मत | १२ | १,००,०००। | ८६४ |
| २१ | घुम्ती शौचालय | | ५,००,०००। | ८६४ |
| २२ | करंकाठ बसपार्क पुल निर्माण माटो परीक्षण | १ | २,५०,०००। | २१४ |
| २३ | वेलबास फोहोर व्यवस्थापन वैकल्पिक मार्ग | १३ | २०,००,०००। | ७८४ |
| २४ | विपन्न निरा सार्की शौचालय निर्माण | ९ | २०,०००। | ७८४ |
| २५ | साउनेपानी खोल्सी बाटो संरक्षण | १ | १,२०,०००। | ७९४ |
| २६ | नौबिसे टारी कुलो संरक्षण | ७ | १,५०,०००। | ७८९ |